# वृहत बाल महोत्सव : २०७५
# प्रस्तावना पत्र

## १. पृष्ठभूमी :

बालवालिकाहरुलाई संवेदनशील तथा समाज र राष्ट्र निर्माणका महत्वपूर्ण खम्वाका रुपमा लिइन्छ । यिनीहरुको सर्वाङ्गीण विकास नै सामाजिक उन्नतिको महत्वपूर्ण द्योतक हो । बाल संवेदनशीलता र बाल सुलभताको संरक्षण र सम्वर्द्धन साथै अन्तरनिहीत प्रतिभाको प्रस्फुटन विभिन्न प्लेटफर्महरुमा हुन्छन जसमध्ये बालमहोत्सवलाई महत्वपूर्ण रुपमा लिइन्छ । समयको आधुनिकतासँगै विभिन्न प्रविधिसँगको सामिप्यताले बालवालिकाको खास रुचि र क्षमतालाई तिखार्ने तथा सिकाइको माध्यमको विविधताले बालवालिकाको तिक्ष्णतामा वृद्धि भइरहेको छ । अर्को तर्फ जङ्कफुड र रसायनिक पदार्थको अनियन्त्रित प्रयोगले वौद्धिक विकासमा समेत ह्रास आउने खतरा उत्तिकै छ । बालवालिकालाई वातावरणीय परिवर्तन र त्यसले बाल मानसपटलमा पार्ने असर, जङ्कफुडको प्रयोगले मानव स्वास्थ्यमा पार्ने असर, वालमैत्री स्थानीय शासनमा बालवालिकाको भूमिका, बाल प्रतिभा प्रस्फुटन, मनोरञ्जनात्मक क्रियाकलाप, बाल प्रतियोगिता सञ्चालन जस्ता कुराहरुलाई समेत समेट्दै झापा जिल्ला भरिका स्थानीय तह, शिक्षक महासंघ प्याब्सन, एन. प्याब्सन, सामुदायिक विद्यालय हिसान, संस्थागत बिद्यालय लगायत बालवालिकासँग सरोकार राख्ने विभिन्न संघसंस्थाहरुको प्रत्यक्ष संलग्नतामा प्रदेश नं. १ भरिकै बालवालिकाहरुको क्षमता विकासलाई ध्यानमा राखेर दमक नगरपालिकाको आयोजनामा आगामी मिति २०७५ साल माघ १७ गतेवाट वृहत बाल महोत्सव सञ्चालन गर्न लागिएको हो । यो बाल महोत्सवलाई अन्य बर्षहरुमा क्रमश झापाका सवै स्थानीय तहमा पालैपालो आयोजना गरी बालमैत्री स्थानीय शासनको संस्थागत बिकासमा जोड दिदै “ **बालमैत्री स्थानीय सरकार, हामी सवैको साझा सरोकार**” भन्ने नाराका साथ यो बिशेष प्रस्ताव गरिएको छ ।

## २. कार्यक्रमको नाम : वृहत बालमहोत्सव, २०७५

## ३. कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान :

मितिः २०७५ साल माघ १७, १८, १९, २० र २१ गते
समयः बिहान ९.०० बजे देखि बेलुका ५.०० बजे सम्म
स्थानः सरस्वती मा. वि. को प्राङ्गण, दमक ९ झापा ।

## ४. कार्यक्रमले समेट्ने क्षेत्र :

दमक नगरपालिकाको आयोजनामा सम्पन्न हुने वृहत बालमहोत्सव २०७५ ले प्रदेश नं. १ का सबै जिल्लाहरु समेट्दै सहभागिका रुपमा देश भरिका बालवालिकाहरुलाई आमन्त्रण गरिने छ ।

## ५. कार्यक्रमको उद्देश्य :

वृहत बालमहोत्सव २०७५ को कार्यक्रमको मूल उद्देश्य बालबालिकाको मनोभावना अनुकुलका क्रियाकलाप मार्फत उनीहरुलाई मनोरञ्जन प्रदान गर्दै अन्तर्निहीत प्रतिभा प्रस्फुटन गर्नु रहेको छ ।

क. बालवालिकामा लुकेर रहेको प्रतिभा बाहिर ल्याउनु ।
ख. बालवालिकाहरुलाई पुनर्ताजगी गराउदै आफू भित्रको क्षमता आफैं पहिचान गर्न उत्साहित गर्नु ।
ग. बालवालिकाहरुलाई मनोरञ्जनात्मक क्रियाकलापमा सहभागि गराउनु ।
घ. बाल प्रतिभाहरुको पहिचान गर्दै क्षमता विकासका लागि प्रोत्साहन तथा मार्गदर्शन गर्नु ।
ङ. बालमैत्री स्थानीय शासनको अवधारणालाई मूर्तरुप दिँदै सिङ्गो झापा जिल्लालाई बालमैत्री जिल्ला घोषणाका लागि मार्ग निर्माण गर्नु ।

## बालवालिकाहरुको संख्यात्मक बिवरण :

| क्षेत्र | बालवालिकाको संख्या | कुल जनसंख्या | प्रतिशतमा बालवालिका | कैफियत |
|---|---|---|---|---|
| दमक नगरपालिका | ३१३९४ | ९७८४७ | ३२ प्रतिशत | न.पा.का. २०७५ का प्रोफाइल अनुसार |
| | २९८९७ | ७५१०२ | ३९ प्रतिशत | २०६८ को जनगणना |
| झापा | ३३४१७५ | ८१२६५० | ४१ प्रतिशत | २०६८ को जनगणना |
| १ नं प्रदेश | २०,०९७३८ | ४५,३४९४३ | ४४ प्रतिशत | २०६८ को जनगणना |

**६. अनुमानित अवलोकनकर्ता** : करिव एक लाख बालवालिका तथा अभिभावकहरु

**७. कार्यक्रम सञ्चालन प्रकृया** :

वृहत बालमहोत्सव २०७५ दमकको मात्र नभएर झापा जिल्ला भरिकै एउटा गौरव र महत्वपूर्ण कार्यक्रम भएकाले, झापा जिल्लाका सबै स्थानीय तहको विशेष संलग्नतामा कार्यक्रम सम्पन्न हुनेछ । त्यसैगरी बालवालिकासँग प्रत्यक्ष सरोकार राख्ने जिल्ला स्तरका सम्पूर्ण संघसस्थाहरु समेतको प्रत्यक्ष संलग्नतामा महोत्सव मूल आयोजन समिति र अन्य विभिन्न उपसमितिहरु निर्माण गरी कार्यक्रम सहज रुपमा सञ्चालन र सम्पन्न हुनेछ । विभिन्न उपसमितिहरुको गठन आयोजक समितिले गर्नेछ । मूल आयोजक समितिलाई नियमित सल्लाह सुझाव दिनका लागि दमक नगरपालिकाका प्रमुखको संयोजकत्वमा झापा जिल्ला भरिका स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतज्यूहरु समेतको एउटा सल्लाहकार समिति बन्नेछ र उक्त सल्लाहकार समितिले बालमहोत्सवका विविध गतिविधिहरुको नियमित अनुगमन गर्ने गरी एउटा अनुगमन समिति बनाउने छ । कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तपशील बमोजिमका उपसमितिहरु निर्माण हुनेछन् ।

१. आर्थिक उपसमिति
२. प्रचार प्रसार उपसमिति
३. बाल प्रतिभा छनौट उपसमिति
४. बाल प्रतियोगिता सञ्चालन उपसमितिहरु (संगीत, साहित्य, चित्रकला, आदि )
५. स्वयंसेवक व्यवस्थापन उपसमिति
६. सहभागी उपस्थिति समन्वय उपसमिति
७. स्थल, स्टल व्यावस्थापन उपसमिति
८. अतिथि सत्कार उपसमिति
९ सरसफाई उपसमिति
१०. स्वास्थ्य उपसमिति
११ खेल तथा मनोरञ्जन उपसमिति
१२. पार्किङ्ग व्यावस्थापन उपसमिति
१३. प्राविधिक व्यवस्थापन उपसमिति
१४.उद्घोषण संचालन ब्यवस्थापन उप समिति

कार्यक्रमको मूल उद्देश्य बालबालिकाको मनोभावना अनुकुलका क्रियाकलाप मार्फत उनीहरुलाई मनोरञ्जन प्रदान गर्दै अन्तर्निहीत प्रतिभा प्रस्फुटन गर्नु रहेको हुँदा बालबालिकाको अन्तर्निहीत प्रतिभा प्रस्फुटन गर्ने किसिमका क्रियाकलापहरुलाई बढो होसियारीका साथ उच्च प्राथमिकतामा राखिनेछ ।

**८. महोत्सवका आकर्षणहरु :**

१. बाल गायन प्रतियोगिता
२. बाल वतृत्वकला प्रतियोगिता
३. बाल चित्रकला प्रतियोगिता
४. बाल कविता प्रतियोगिता

५. बाल निवन्ध प्रतियोगिता

६. बालवालिकाद्वारा निर्मित विज्ञान प्रर्दशनी र प्रतियोगिता

क) नमुना प्रतियोगिता

ख) प्रयोगात्मक प्रतियोगिता

ग) अनुसन्धानात्मक प्रतियोगिता

७. बाल हाजिरीजवाफ प्रतियोगिता

८. म्याथ ओलम्पिएड प्रतियोगिता

९. स्थानीय संस्कृति झल्कने बालझाँकी प्रर्दशनी

१०. विभिन्न मनोरञ्जनात्मक खेल प्रर्दशनी

११. राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्यातिप्राप्त बाल प्रतिभाहरुको प्रस्तुति

१२. बालवालिकाको उत्प्रेरणात्मक बिचारहरुको (Motivational Speech) प्रस्तुति

१३. व्यवसायिक स्टलहरुको प्रर्दशनी

१४. बाल नृत्य प्रर्दशनी

१५. वृत्तचित्र, बाल चलचित्र प्रर्दशनी

१६. तारापुञ्ज तथा सूर्य अवलोकन

१७. आणविक विज्ञान सम्बन्धि सूचनामूलक जानकारी

## ९. मिडिया सहयात्री :

क. स्थानीय टेलिभिजनहरु : हिमशिखर, सूर्योदय

ख. स्थानीय एफ. एमहरु : दमकका सबै, अन्य क्षेत्रलाई समेट्ने गरी आवश्यकता अनुसार

ग. अनलाइन खबरहरु : आवश्यकता अनुसार

घ. पत्रपत्रिका : दमकका सबै, अन्य आवश्यकता अनुसार

## १०. अनुमानित लागत :

| | |
|---|---|
| क. पुरस्कार तथा प्रमाण पत्र | १०,००,०००। |
| ख. स्टल तथा स्टेज निर्माण | ७,५०,०००। |
| ग. साउण्ड सिष्टम | १,५०,०००। |
| घ. प्रचार प्रसार | २,५०,०००। |
| ङ. अतिथि सत्कार | ५,००,०००। |
| च. बाल प्रतिभा तथा कलाकार व्यवस्थापन | ७,००,०००। |
| छ. स्वयंसेवक खाना तथा व्यवस्थापन | १,००,०००। |
| ज. विज्ञान प्रविधि स्टल निर्माण | २,५०,०००। |
| झ. प्रतियोगिता सामाग्री खरिद | ३,५०,०००। |
| ञ. गेट निर्माण तथा फ्लेक्स छपाई | ४,५०,०००। |
| ट. सुरक्षा व्यवस्थापन | २,००,०००। |
| ठ. सरसफाई व्यवस्थापन | १,००,०००। |
| ड.स्वास्थ्य उपचार खर्च | १,००,०००। |
| ड. विविध खर्च | ५,००,०००। |
| ढ. जोखिममा रहेका बालवालिकाको सहयोगार्थ कोष निर्माण | ५,००,०००। |
| जम्मा खर्च : | **५९,००,०००।** |

## १०. अनुमानित आम्दानी :

| | |
|---|---|
| क. टिकट बिक्री | १०,००,०००। |
| ख. स्टल बुकिङ्ग | ५,००,०००। |
| ग. दमक नगरपालिका | ५,००,०००। |
| घ. स्थानीय संघ संस्था बित्तीय, सहकारीहरुबाट | १०,००,०००। |
| ङ. झापा जिल्लाका स्थानीय तहहरुबाट अपेक्षा | १७,००,०००। |
| च. प्रदेश तथा केन्द्रिय निकायहरुबाट अपेक्षा | १५,००,०००। |
| जम्मा आम्दानी : | **५९,००,०००।** |

**नोटः महोत्सव सञ्चालनवाट बचत हुने रकम झापा जिल्ला भरिका सडक बालवालिकाको हितमा खर्च गरिनेछ ।**

## ११. सल्लाहकार समिति :

संयोजक : दमक नगरपालिका नगर प्रमुख

सदस्य : झापा जिल्लाका सवै नगरपालिका प्रमुखज्यूहरु

सदस्य : झापा जिल्लाका सवै गाउँपालिका अध्यक्षज्यूहरु

सदस्य : झापा जिल्लाका सवै नगरपालिका र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत

## १२. महोत्सव अनुगमन समिति :

सल्लाहकार समितिको सल्लाहमा अनुगमन समिति पछि गठन गरिने छ ।

**१) चित्रकलाः सम्पर्क व्यक्ति श्री अभिषेक दास ९८४१५६३७१३**

१. आधारभूत तथा माध्यामिक तहमा प्रतिस्पर्धा हुनेछ ।

२. बढीमा ३ घण्टाको समय प्रदान गरिने छ । आफुलाई इच्छा लागेको चित्र बनाउन पाइने छ साथै चित्रको वर्णन छुट्टै पेजमा गरेर दिनुपर्नेछ । अमुर्त चित्रलाई मान्यता दिइने छैन । तयार पारिएको चित्र आयोजकको अधिनमा रहनेछ ।

३. चित्रकलाका आवश्यक सामाग्रीहरु पेपर, कलर, ब्रस, आदि सबै उपलब्ध गराइनेछ ।

४. प्रत्येकदिन बेलुका दिनभरिका उत्कृष्ट ३/३ चित्र छनौट गर्ने र सम्बन्धित चित्रकारलाई उत्कृष्ट ३ भित्र परेको जानकारी गराउने । चौथो दिन प्रत्येक दिनका उत्कृष्ट ३/३ गरि जम्मा २४ जना लाई प्रमाण पत्र सहित नगद रु १००० का दरले पुरस्कृत गर्ने ।

५. प्रत्येक दिन छनौट भएका उत्कृष्ट ३/३ चित्रहरुमध्ये वाट प्रथम, द्धितिय र तृतिय छुट्याउने र प्रमाण पत्र सहित नगद पुरस्कार प्रदान गर्ने

६) सहभागी सुल्क रु २० लाग्ने छ ।

**२) गायनःसम्पर्क व्यक्ति श्री कमला खनाल ९८४२६३१९३६**

१. आधारभूत १२ बर्ष सम्मका तथा माध्यामिक तहमा १८ बर्ष सम्मका बीच प्रतिस्पर्धा हुनेछ। सहभागी सुल्क रु ५० लाग्ने छ ।

२. प्रतियोगीहरु तपशिल बमोजिमका स्थानहरु बाट छनौट भई आउनुपर्नेछ । अडिसनको मिति पछि तोकिनेछ । झापा, मोर", सुनसरी वाहेक अन्य जिल्लावाट आउने प्रतियोगीहरुको प्रारम्भिक छनौट दमकमा नै हुनेछ ।

| | | | | |
|---|---|---|---|---|
| १ | दमक | बिहानी कलाकेन्द्र | श्री कमला खनाल | ९८४२६१९३६ |
| २ | सुरुङ्गा | साधना कलाकेन्द्र | श्री ध्रुब पाठक | ९८०६००५५५३ |
| ३ | विर्तामोड | सरगम संगीतालय | श्री दीपक रायामाझी | ९८४२६९८६८९ |
| ४ | बुधवारे | आरोह संगीतालय | श्री हरी उप्रेति | ९८४४६४६७३२ |
| ५ | उर्लावारी | बिहानी कलाकेन्द्र | श्री यशोधा शाक्य | ९८४२१६२८५५ |
| ६ | इटहरी | पूर्वाञ्चल कलाकेन्द्र | श्री केशव कार्की | |
| ७ | धरान | ओजश्वी कलाकेन्द्र | श्री सोम याम्फू | ९८५२०४२२२९ |
| ८ | विराटनगर | स्वर संगम संगीतालय | श्री कुशेश्वर राई | ९८४२०२८०२७ |
| ९ | | | | |

३. गीत लोक, आधुनिक र देशभक्ती हुनुपर्नेछ ।

४. गीतको ट्र्याक प्रतियोगी आफैले ल्याउनु पर्नेछ ।

५. पहिलो चरणमा छनौट भएर दमक आउने सबै प्रतियोगीलाई प्रमाण पत्र प्रदान गरिनेछ ।

६. उत्कृष्ट २० जनालाई नगद रु १००० सहित प्रमाण पत्र प्रदान गरि प्रत्येकदिन ५/५ जनालाई स्टेज प्रदान गरिनेछ ।

७. उत्कृष्ट २० मध्येवाट प्रथम, द्धितिय र तृतिय छनौट गरि पुरस्कृत गरिनेछ ।

**३ ) कबिता:सम्पर्क व्यक्ति श्री नरपति पाण्डे: ९८४२७०९८८८**

१. कबिता लेखन माध्यामिक तहमा मात्र प्रतिस्पर्धा हुनेछ ।

२. कबिता लेखन प्रतियोगीता महोत्सवको पहिलो चार दिन चल्नेछ ।

३. कबिता लेखनका लागि तपशिलका २५ ओटा क्षेत्र रहनेछन् जुन शिर्षक प्रतियोगीले तान्छ सोहि शिर्षकमा कबिता लेख्नु पर्नेछ । कबिता लेख्ने समय तोकिए बमोजिम हुनेछ।

| | | | |
|---|---|---|---|
| मेरो विद्यालय | गरिवको झुपडी | बाल अधिकार | खेलकुद र व्यायाम |
| म गर्न सक्छु | शहरी जीवन | शहिद | युवा शक्ति |
| मेरो देश | गाउँले जीवन | नैतिक शिक्षा | मन परेको पुस्तक |
| स्वच्छ वातावरण | छोरीलाई शिक्षा | फूल र पुतली | विद्या नै धन हो |
| जीवन र पानी | प्रजातन्त्र | मेरा सपनाहरु | |
| समयको महत्व | राष्ट्रियता | समृद्ध नेपाल सुखी नेपाली | |
| विज्ञान र विकास | अनुसासन | समाज सेवा | |

**४) निवन्धः सम्पर्क व्यक्ति श्री धनन्जय बाँस्कोटाः ९८४२६५०७८२**

१. निवन्ध लेखन माध्यामिक तहको नेपाली भाषामा मात्र प्रतिस्पर्धा हुनेछ ।

२. निवन्ध लेखन प्रतियोगीता पहिलो चार दिन चल्नेछ । आवश्यक सामाग्रीहरु पेपर साथै डटपेन उपलब्ध गराइनेछ ।

३. निवन्ध लेखनका लागि ८ ओटा शिर्षक रहनेछन् जुन शिर्षकको चिट्ठा प्रतियोगीले तान्छ सोहि शिर्षकमा निवन्ध लेख्नु पर्नेछ । निवन्ध लेख्ने समय तोकिए बमोजिम हुनेछ ।

| | |
|---|---|
| मेरो सपनाको देश | नेपालको सम्बृद्धिमा पर्यटनको महत्व |
| शिक्षामा प्रविधिको प्रयोग | शान्ति र राजनैतिक स्थिरता देश निर्माणको आधार |
| देश निर्माणमा युवाको भूमिका | नेपालमा कृषिको आधुनिकीकरण, महत्व र चुनौतीहरु |
| बैंक, बचत र भविष्य | नेपालमा आणविक उर्जाको प्रयोग र सम्भावना |

४. प्रत्येक शिर्षकका उत्कृष्ट ३/३ जनालाई नगद रु १००० सहित प्रमाण पत्र र समग्रमा उत्कृष्ट मध्येवाट प्रथम, द्धितिय र तृतिय लाई नगद सहित प्रमाण पत्र द्धारा पुरस्कृत गरिने छ ।

**५) वक्तृत्वकला:**सम्पर्क व्यक्ति श्री शिव रेग्मीः ९८४२६३०४१४

१. वक्तृत्वकला आधारभूत तथा माध्यामिक तहमा प्रतिस्पर्धा हुनेछ ।

२. वक्तालाई ४ मिनेट समय दिईनेछ । शुरुका ४ दिन प्रतिस्पर्धा संचालन हुनेछ ।

३. तपशिलका शिर्षकहरु मध्ये गोलाप्रथा द्धारा छनौट गरि उक्त शिर्षकमा सो दिनको वक्तृत्वकला संचालन गरिनेछ ।

| क्र स | आधारभूत तह | क्र स | माध्यामिक तह |
|---|---|---|---|
| १ | समयको महत्व | १ | सुचना प्रविधिको प्रयोग र असर |
| २ | आमा | २ | प्राविधिक शिक्षा आजको आवश्यक्ता |
| ३ | विश्वको सुन्दर देशः मेरो देश | ३ | विश्वको सुन्दर देशः मेरो देश |
| ४ | विद्यार्थी जीवनमा अनुसासनको महत्व | ४ | जेष्ठ नागरिक प्रति हाम्रो दायित्व |
| ५ | स्वास्थ्य नै धन हो | ५ | लागु पदार्थ दुर्व्यासन र यसको असर |
| | | ६ | आर्थिक समृद्धिमा पर्यटनको महत्व |
| | | ७ | वैदेशिक रोजगारी र यसको प्रभाव |
| | | ८ | बैंकको महत्व |

**६) हाजिरीजवाफ:सम्पर्क व्यक्ति श्री टिकाराम भण्डारी ९८५२६७०९२१**

१. प्रत्येक दिन आधारभूत तहको १२ बजे तथा माध्यामिक तहको २ बजे प्रतिस्पर्धा हुनेछ ।

२. प्रतियोगी व्यक्तिगत रुपमा सहभागी हुने र हाजिरीजवाफ लिखित हुनेछ । विद्यालयबाट एक भन्दा बढी बालवालिका सहभागी हुन सक्नेछन ।

३. हाजिरीजवाफका लागि आवश्यक सामाग्री प्रश्नपत्र साथै डटपेन समेत उपलब्ध गराइनेछ ।

४. प्रत्येकदिनका उत्कृष्ट ३/३ बालवालिका छनौट गर्ने र सम्बन्धित बालवालिकालाई उत्कृष्ट ३ भित्र परेको जानकारी

५. प्रतियोगितामा भाग लिन ईच्छुक प्रतियोगिले प्रवेश शुल्क २० तिर्नुपर्नेछ ।

**७) विज्ञान प्रतियोगिता तथा प्रर्दशनी:सम्पर्क व्यक्ति श्री अरुण श्रेष्ठः ९८४२६२०४५३**

१) एक बिद्यालयबाट सबै विधाहरुमा निशुल्क सहभागी जनाउन सकिने छ ।

२) सवै विधामा अलग अलग प्रतिस्पर्धा गराइ अलग अलग रुपमा पुरस्कृत गरिने छ ।

३) प्रतिस्पर्धा गराइने विधाहरु यसप्रकार रहेका छन।

४) नमुना (Model सामाग्री प्रर्दशनीः  नमुना प्रर्दशनी भन्नाले विज्ञान, वातावरण, स्वास्थ्य तथा गणितसग सम्वन्धित ठोस बस्तुहरु प्रयोग गरि तयार पारिएका कुनै पनि प्रर्दशनीयोग्य सामाग्रीहरु बुझाउछ ।

५) प्रयोगात्मक (Experimental) प्रर्दशनीः प्रयोगात्मक प्रर्दशनी भन्नाले विज्ञानको कुनै पनि अवधारणा र सिद्धान्तमा आधारित रहेर उक्त सिद्धान्तलाई तत्काल प्रमाणिकरण गरि देखाउन सक्ने सामाग्रीहरु बुझाउछ ।

६) आविस्कार तथा अनुसन्धानात्मक प्रर्दशनीः आविस्कार तथा अनुसन्धानात्मक प्रर्दशनी भन्नाले कुनै पनि क्षेत्रका सुचनाहरु संकलनगरि वैज्ञानिक विधिवाट (समस्याको

पहिचान। पृष्ठभूमी, तथ्याङ्क संकलन तथा विश्लेषण र नतिजा) नतिजा निकालिएका सामाग्रीहरु बुझाउछ । जुन Poster को रुपमा रहनेछ ।

७) सहभागी जनाउने विधाहरु र प्रयोग सामाग्रीको नाम सहितको जानकारी पुस मसान्त सम्म दमक नगरपालीको सम्पर्क कार्यालयमा आइपुग्नु पर्ने छ ।

८) समय सिमा भन्दा पछाडि आएका सामाग्रीहरुलाई प्रतिस्पर्धामा सहभागी गराईने छैन ।

९) प्रयोग सामाग्रीहरु आफै जुटाउनु पर्ने छ ।

१०) प्रयाप्त मात्रामा सामाग्रीहरु नआए एउटा बिद्यालयको अन्य सामाग्रीहरुलाई पनि आवश्यकता अनुसार प्रतियोगीतामा सहभागी गराईने छ ।

**८) Math Olympiad:सम्पर्क व्यक्ति श्री घनश्याम अधिकारी ९८४२६२०५४२**

१. सहभागी सुल्क रु २० लाग्ने छ ।

२. एक बिद्यालयबाट जति पनि सहभागीहरु भागलिन सक्ने छन ।

३. प्रत्येक दिन प्रथम, द्धितिय र तृतिय छुट्याइने छ ।

४. पाचौ दिन तिनिहरु विच प्रतिस्पर्धा गराइ पून प्रथम, द्धितिय र तृतिय छुट्याइ पुरस्कार वितरण गरिने छ ।

**९) बालझाँकी:सम्पर्क व्यक्ति श्री तिल चन्द्र अधिकारी ९८५२६८३६९३**

१. बालझाँकी प्रदर्शन गर्न ईच्छुक विद्यालय/बाल क्लब / विबिन्न जातिय संस्थाले स्थानिय कला संस्कृतिक झल्कने किसिमका झाँकी तयार गरेर ल्याउनु पर्ने छ।

२. बालझाँकी प्रदर्शन उद्घाटनको दिन मात्र सञ्चालन गरिनेछ ।

**१०) नृत्य सम्पर्क व्यक्ति श्री टेकनाथ भण्डारी ९८५२६७६९९२**

१. नृत्यको भने प्रतियोगिता गराइने छैन प्रदर्शनी मात्र हुनेछ ।

२. पौष मसान्तसम्ममा निर्धारित मापदण्ड भित्रको नृत्यले सम्पर्क गरिसक्नु पर्नेछ ।

**११) नाटक : श्री टेकनाथ भण्डारी ९८५२६७६९९२**

१. नाटक प्रदर्शनी मात्र हुनेछ । बढीमा २५ मिनेटको बनाउनु पर्नेछ ।

२. पौष मसान्तसम्ममा सम्पर्क गरिसक्नु पर्नेछ । शुरुको उत्कृष्ट ५ वटा नाटकले मात्र स्टेश पाउने छ ।

**१२) तारापुञ्ज, सूर्यावलोकन श्री टेकनाथ भण्डारी ९८५२६७६९९२**

१. महोत्सब अवधि भर जम्मा ५००० बालबालिकाले मात्र हेर्न पाउने छन् ।

२. पौष मसान्तसम्ममा प्रति बालबालिकाले रु. २० को टिकट लिई सक्नु पर्नेछ ।

"बालमैत्री स्थानीय सरकार, हामी सबैको साझा सरोकार"

# बृहत बाल महोत्सव दमक २०७५

## सहभागिता फाराम

सहभागिको नामः........................................................ कक्षाः....................................

उमेरः........................................................................ लिङ्ग.......................................

ईमेलः....................................................................... टेलिफोन नः.............................

जिल्लाः .....................गा.पा/न.पा/म.न.पाः.................. वडा नं. ..................................

अभिभावकको नामः ................................................ टेलिफोन नं. ............................

विद्यालय / बाल क्लबको नामः ..................................... ठेगानाः ..................................

प्रधानाध्यापक/अध्यक्ष को नामः .................................... टेलिफोन नं. ............................

प्रतियोगितामा सहभागि हुन चाहेको विधाः

| | | | |
|---|---|---|---|
| १ | चित्रकला | ५ | वक्तृत्वकला |
| २ | गायन | ६ | हाजिरी जवाफ |
| ३ | कविता | ७ | विज्ञान प्रतियोगिता तथा प्रर्दशनी |
| ४ | निबन्ध | ८ | Maths Olympiad |

QR-Code

**नोटः www.bit.ly/baalmahotsav मा गएर समेत यो फारम अनिवार्य भर्नु पर्ने छ । वा फारम भर्न माथीको QR कोड स्क्यान गर्नु होला**

**प्रतियोगितामा सहभागि हुने तरिकाः**

१. झापा जिल्लाको हकमा प्रत्येक स्थानिय निकायवाट यो फाराम लिन सकिने छ । अन्य जिल्लाको हकमा स्रोतकेन्द्र, हिसान, प्याब्सन, एन प्याब्सनका क्षेत्रिय तथा जिल्ला कार्यालयहरु बाट उपलब्ध गराइने छ ।

२. कक्षा १२ सम्म अध्ययनरत १८ बर्ष ननाघेको बालवालिकाले प्रतिस्पर्धा गर्न पाउने छन्।

३. सम्बन्धित विद्यालयको प्र.अ. वाट प्रतियोगी अध्ययनरत कक्षा र उमेर प्रमाणित गर्नुपर्ने छ।

४. विद्यालय बाहिर रहेका १८ बर्ष सम्मका बाल प्रतियोगीले सम्बन्धित स्थानीय तहवाट उमेर प्रमाणित गराएर प्रतिस्पर्धामा भाग लिन सक्नेछन ।

५. एक प्रतिस्पर्धीले एक भन्दा बढी विधामा प्रतिस्पर्धा गर्न चाहेमा प्रत्येक विधाका लागि छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ । प्रतियोगीताहरुको समय जुध्यो भने स्वत एक विधा रोज्नु पर्नेछ ।

६. बालझाँकि, विज्ञान प्रतियोगिता,गायन, नृत्य प्रदर्शनीमा सहभागी प्रतियोगि/प्रदर्सनीकर्ता व्याक्ति वा संस्थाले पौष मसान्त अगाडी नै सम्पर्क गरि सक्नुपर्ने छ ।

७। पौष मसान्त सम्ममा फारम दमक न.पा. को कोठा न २ (च) मा वुझाउनु पर्ने छ । सम्पर्क नः 9842643887 सम्पर्क व्याक्तिः सरिता भण्डारी Email: damakmun@gmail.com